**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 04.12.2024**

## News Projects

केन्द्र सरकारले देशका तेइस राज्यहरूमा पर्यटक स्थलहरूको विकासका लागि चालिस परियोजनाहरूलाई स्वीकृत गरेको छ। यी परियोजनाहरूको कुल खर्च तीन हजार दुई सय पञ्चानब्बे करोड़ रूपियाँ लाग्नेछ। पर्यटन मन्त्रालयको पूञ्जी निवेशका लागि राज्य सहायता योजना अन्तर्गत यी परियोजनाहरूलाई स्वीकृति प्रदान गरिएको छ। योजना अन्तर्गत सिक्किम राज्यका लागि दुईवटा परियोजनाहरू स्वीकृत भएका छन्। यी हुन् नाम्चीको भालेढुंगामा स्काइवक परियोजना र नाथुला परियोजना। भालेढुंगा परियोजनाको निर्माण खर्च सन्तानब्बे करोड़ सैंतिस लाख रूपियाँ र नाथुला परियोजनाका लागि अड़सठी करोड़ उनन्नाइस लाख रूपियाँ खर्च हुने बताइएको छ। नाथुला परियोजना अन्तर्गत बढदो संख्यामा पर्यटकहरू र सेना कर्मीहरूका लागि सम्बद्ध पूर्वाधारहरू सुधार ल्याउने योजना छ।

## NFICI meeting

सिक्किम सूचना आयोगको तत्वावधानमा राष्ट्रिय सूचना आयोग महासंघ NFICI को एकतीसौं बोर्ड अर्फ Governer's को बैठक आज गान्तोकमा बस्यो। भारतका मुख्य सूचना आयुक्त श्री हीरालाल सामरियाले अध्यक्षता गर्नुभएको बैठकमा बिहार, आन्ध्रप्रदेश, मणिपुर, ओडिसा, महाराष्ट्र, उत्तराखण्ड र सिक्किमका मुख्य सूचना अयुक्तहरू सहभागी बने। सूचना अधइकार ऐन २००५ अन्तर्गत गठित केन्द्र सूचना आयोग र राज्य सूचना आयोगहरू बीच समन्वय र आपसी परामर्श गर्न दुइहजार नौ सालमा राष्ट्रिय सूचना आयोग महासंघ पञ्जीकृत भएको हो।

बैठकमा विभिन्न राज्य सूचना आयोगहरूका चुनौतीहरू अनि सूचना अधिकार ऐन २००५ को प्रभाव र पँहुच बढाउने सम्वन्धमा चर्चा गरियो। भारतका मुख्य सूचना आयुक्त श्री हीरालाल सामरियाले राष्ट्रिय सूचना आयोग महासंघको बोर्ड अफ Governer's को एकतीसौं बैठक सिक्किममा आयोजनका लागि सिक्किम राज्य सूचना आयोगको प्रयासको प्रशंसा गर्नु भयो। तीसौं बैठक गत वर्ष नयाँ दिल्लीमा आयोजित भएको थियो।

## Hornbill Festival

नागाल्याण्डमा चलिरहेको पच्चीसौं हर्नबील उत्सवको चौथो दिन आज ढुङ्गा तान्ने कार्यक्रम आयोजित भयो। कासिमा हेरिटेज भिलेजदेखि तीन किलोमिटरको दूरीमा अवस्थित जाखामाबाट कासिम भिलेजसम्म आयोजना गरिएको यो अद्वितीय र प्रख्यात कार्यक्रममा नागाल्याण्डको विभिन्न जनजातिका युवाहरूले डोरीको माध्यमद्वारा लगभग पन्ध्र टन वजनको ढुङ्गा ताने। योखाबाट ल्याइएको यो एउटा ढुङ्गालाई कासिमा हेरिटेज भिलेजमा हर्नबील उत्सव रजत जयन्ती स्मारकका लागि प्रयोग गरिने समारोहलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दै केन्द्रीय संस्कृति तथा पर्यटन मन्त्री श्री गजेन्द्र सिंह शेखावतले हर्नबील उत्सव अन्तर्राष्ट्रिय स्तरको उत्सव भएको कुरो बताउनुभयो।

नागा समुदायको एकताको कारणले उत्सव सफल भएको कुरो बताँउदै उहाँले भन्नुभयो केन्द्र सरकारको सहयोगद्वारा यसलाई अझ वृहत रूप दिइनेछ ताकि विश्वभरिका पर्यटकहरूले नागाल्याण्ड विविध संस्कृति, परम्परा, खानपान र नृत्यको आनन्द लिन सकुन्। उत्सवमा अन्यवाहेक नागाल्याण्डका मुख्यमन्त्री श्री नेफ्यू रियो र सिक्किमका प्रतिनिधिहरूको उपस्थिती थियो।

यसैबीच प्रतिष्ठित पच्चीसौं हर्नबील उत्सवमा भाग लिन सिक्किमबाट नागाल्याण्ड गएको कार र्यालीले आफ्नो यात्रा आज पूरा गरेको छ। यस अवसरमा सिक्किमकी सूचना तथा जनसम्पर्क सचिव श्रीमती अन्नपूर्ण आलेले सहभागीहरूलाई खादा पहिर्याएर अभिनन्दन गर्नुभयो। र्यालीका सहभागीहरूले यात्रालाई सफल बनाउनमा सहयोगका लागि मुख्यमन्त्री श्री प्रेमसिंह तामङ नागाल्याण्ड मोटर स्पोट्र्स एशोसिएसन प्रति आभार प्रकट गरेका छन्।

## PM Surya Ghar Yojana

सिक्किम नवीकृत ऊर्जा विकास एजेन्सीले आज पीएम सूर्य घर निशुल्क विजुली योजनाको कार्यान्वयनका लागि जिल्ला स्तरीय समितिहरूको भर्चुअल बैठक आयोजन गर्यो। केन्द्र सरकारले घरका छानामा सौर्य संयन्त्र जडान गर्नका साथै सौर्य छत क्षमताको वृद्धि गरेर घरपरिवारलाई स्वयंका लागि बिजुली उत्पादनमा सशक्त बनाउने उदेश्यले यो शुरू गरेको छ।

गेजिङ जिल्लाको तर्फबाट यसमा भाग लिँदै जिल्लाधीश सुश्री यिस्से डी योङडाले सुदुर्वर्ती क्षेत्रहरूमा जागरूकता अभियान गर्नुपर्ने आवश्यतामाथि जोड़ दिनुभयो। उहाँले सुझाउ दिनु भए अनुसार सिक्किम पहाड़ी राज्य  भएकाले पवन ऊर्जालाई नवीकृत ऊर्जा श्रोतको थप विकल्पको रूपमा प्रयोगमा ल्याउन सकिन्छ। मंगन जिल्लाधीश कार्यालयमा आयोजित भर्चुअल बैठकमा अतिरिक्त जिल्लाधीश श्री पेमा वाङछेन नामकारपा र अन्यको उपस्थिती थियो। सहभागीहरूले शौर्य ऊर्जाको पहलमा पवन ऊर्जा क्षमताको पत्तो लगाउने सुझाउ दिए।

## Navy Day

आज नौ,ना दिवस हो। भारतीय नौसेनाको भूमिका र उपलब्धिहरूलाई मान्यता दिनका लागि प्रत्येक वर्ष चार दिसम्बरमा यो दिवस मनाइन्छ। प्रधानमन्त्री श्री नेरन्द्र मोदीले नौसेना दिवसको अवसरमा जवानहरूलाई वधाई दिनुभएको छ। श्री मोदीले सोशल मीडिया पोस्टमा भन्नुभएको छ नौसेनाका बहादुर जवानहरूले बेजोड़ साहस र समर्पणका साथ देशका समुद्री सीमाहरूको रक्षा गर्छन्। प्रधानमन्त्रीले भन्नुभएको छ नौसेनाका जवानहरूको प्रतिबद्धताले राष्ट्रको सुरक्षा, संरक्षण र समृद्धि सुनिश्चित गर्छ। रक्षामन्त्री श्री राजनाथ सिंहले सोशल मीडिया पोस्टमा भन्नुभएको छ भारतीय नौसेना राष्ट्रको सुरक्षा तन्त्र र समुद्री सुरक्षाको सशक्त स्तम्भ हो।